जनताको जीवनस्तरमा......। पृष्ठ ५ मा


प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मिडिया चोक, मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com




● मकवानपुर, वर्ष-१३, ● अंक-४९ ● २०७८ असार ०७ गते सोमबार, ● 21 Jun. 2021, ● नेपाल सम्वत्-११४१, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

# लक्षितवर्गमा लक्षहीन स्थानीय तह

- ♦योजना तर्जुमा भेला कर्मकाण्डी मात्र
- ♦पालिकाको लक्षित नीति नै छैन
- ♦कार्यविधि खारेजः लक्षितवर्ग झन पछि
- ♦स्थानीय तहलाई मन्त्रालयको परिपत्र

सुरजकुमार भुजेल
थाहानगर

कुनै बेला महिला र जनजाति अधिकारको वकालत गर्ने मकवानपुर भिमफेदीकी पार्वती राना अहिले गाउँपालिका उपाध्यक्ष छिन् । कानूनतः पालिका भरीको योजना तर्जुमा उनको जिम्मेवारी हो । अर्थात, उनी पालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजक हुन् । तर, निर्वाचित भएको चार वर्ष पुग्दा पनि लक्षितवर्ग बजेट र कार्यक्रमको उपाध्यक्ष रानाले भेउ नै पाउन सकेकी छैनन् ।

पालिका क्षेत्रमा पछाडि पारिएका वर्गको शसक्तीकरणका लागि लक्षित बजेट विनियोजनमा निकै संघर्ष गर्नुपर्ने उनको अनुभव छ । 'गाउँ जाँदा थुप्रै माग आउँछ, मागलाई योजना किताबसम्म पुऱ्याउन सक्दै सकिदैन' -रानाले भनिन्-'मुस्किलले धेरथोर बजेट विनियोजन गरेपनि बजेट कार्यान्वयनको अख्तियार प्राप्त प्रमुख प्रशासकीय अधिकृतले कार्यान्वयनमा प्राथमिकतामा नराख्दा समस्या हुने गरेको छ ।' तर, प्रमुख प्रशासकीय अधिकृत जीवन कुवँर भने सबै कार्यक्रमलालई आफूले प्रभावकारी ढंगले संचालन गर्ने दाबी गर्छन् । राज्य पुर्नसंरचनासंगै क्रियाशील सरकारका विभिन्न निकायहरूबाट विकास तथा सशक्तीकरणका कार्यक्रम संचालन हुनुपर्ने कानूनी व्यवस्था छ । नागरिकहरूको प्रत्यक्ष पहुँचमा हुने स्थानीय तह संचालनका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ कार्यान्वयनमा रहेको छ । यहि ऐनको व्यवस्था अनुसार स्थानीय तहहरूले आफ्नो क्षेत्रको विकास तथा सशक्तीकरणका कार्य गर्ने गर्दछन् ।





स्थानीय तहहरूले पछाडि परेका, महिला, दलित, जनजाति तथा लोपोन्मुखलगायतलाई लक्षित गरी उनीहरूको सशक्तीकरण तथा मूल प्रवाहीकरणका लागि योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ । संविधानले सहभागितामूलक स्थानीय सरकारको कल्पना पनि गरेको छ । पालिकाको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्ने, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले दिएको बजेट सीमा भित्र रही बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने जिम्मा पालिका उपाध्यक्ष/उपप्रमुखको हो । कानुनमा रहेको उपाध्यक्षको भूमिका कागजमा मात्रै सीमित रहेको मकवानपुरका पालिका उपाध्यक्षहरू अनुभव बताउँछन् ।

बजेट तथा कार्यक्रमको प्रस्तावलाई बिषय क्षेत्रगत रूपमा छलफल गर्ने व्यवस्था मिलाई अन्तिम प्रस्ताव तयार गरी कार्यपालिकामा पेश गर्ने र बजेट तथा कार्यक्रम सम्बन्धी स्थानीय तहको आवश्यकता बमोजिम अन्य कार्यहरू पालिका उपप्रमुख तथा उपाध्यक्षहरूले गर्नुपर्ने कानुनी व्यवस्था छ । तर, मकवानपुर मनहरी गाउँपालिकाका अध्यक्ष एकराज उप्रेती भने लक्षित वर्गलाई समेटर योजना बनाउने गरेको बताउँछन् । पालिकाका लक्षित वर्गलाई आयआर्जनका क्रियाकलापमा केन्द्रित गरेर बजेट विनियोजन गरेको उनको भनाइ छ । उनीहरूलाई समेट्न पालिकास्तरमा महिला, दलित, जनजाति र अपांग समिति रहेको उनले बताए । 'कुल बजेटमा प्रतिशत तोकिएको छैन,- तर लक्षितवर्गलाई ५० लाख भन्दाबढि बजेट छ'-उप्रेतीले थपे-'त्यसमा पनि बालमैत्री पालिका भएकोले बालबालिकाको क्षेत्रमा अरूको तुलनामा बजेट बढी छ ।' अदुर्गम कैलाश गाउँपालिकामा पनि अरू पालिकामा जस्तै लक्षितवर्ग बजेट विनियोजन नै दलित, महिला, जनजाति हुने भएपछि हामी आफैँले समग्र पालिकाको योजना निर्माण गर्छौं, त्यही हो पालिकाको लक्षित योजना ।' पालिकाले विनियोजन गर्ने वित्तीय समानीकरण स्रोतको बजेटबाट अधिकांश पूर्वाधार विकासमा खर्चिएको उनले जानकारी दिइन् । कैलाशले केही मात्रामा लक्षितवर्गका लागि पालिकास्तरमा बजेट व्यवस्था गर्ने र पछि योजना आव्हान गरेर खर्च गर्ने गरेको उनको भनाइ छ ।

जिल्लाको पूर्वी बागमती गाउँपालिकामा त झन महिला तथा बालबालिकाको क्षेत्रमा काम गर्न कर्मचारी नै छैनन् । पालिकाको स्वीकृत दरबन्दीमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा कर्मचारी पठाइदिन आग्रह गरिए पनि पदपूर्ति हुन नसकेको प्रमुख प्रशासकीय अधिकृत शुक्रमान राईले बताए । बागमतीमा पालिका घोषणा भएदेखि नै सहायक महिला विकास निरीक्षक पद रिक्त छ । पालिकाकी उपाध्यक्ष धनमायाँ स्याङ्तान भन्छिन्-'कर्मचारी नभएपछि किन कार्याक्रम चाहियो, कसरी कार्यान्वयन गर्ने भन्छन् र पालिकामा योजनाको कुरै पर्न दिदैनन् ।' योजना तर्जुमा गर्ने कानून अनुसारको समितिमा आफू भएपनि आफ्नो प्रस्तावको कुनै सुनुवाइ नै नहुने उपाध्यक्ष स्याङ्तानले दुखेसो पोखिन् । उनले भनिन् -'नागरिकको आवश्यकतामा आधारित प्रस्ताव राख्दा अल्पमतमा पर्छु, बहुमतले निर्णय गर्छन्, लक्षित वर्ग जहिल्यै छायाँमा पर्छन् ।' गाउँसभाबाट निर्णय भएका बजेट र कार्यक्रम समेत कार्यपालिकामा बहुमत पुऱ्याएर परिवर्तन गर्ने गरेको पनि पनइएको छ ।'छुट्याएको बजेटले पनि कसैले केही कामै गरेनन् भन्दै कार्यपालिकाबाटै रकमान्तर हुन्छ, यो पनि नियम हो ?' स्याङ्तान प्रश्न गर्छिन् । बागमतीको बजेट सडक खन्न र हेभी इक्युपमेन्ट खरिदमै केन्द्रित रहेको उबताउँदै उनी आक्रोसित हुन्छिन् । पालिकाको सडक भन्दा बढि लोडर, डोजर र टिपर भैसके, केको लक्षित वर्गका लागि कार्यक्रम संचालन गर्नू ? बागमती गाउँपालिकामा ५ करोड २२ लाख ८४ हजार बराबरको हेभी इक्यिुपमेन्टका खरिद भैसकेको लेखा अधिकृत झम्कनारायण घलानले जानकारी दिए । ६० प्रतिशत जनजाति भएको पालिकामा भाषा सस्कृति संरक्षणमा बजेट नै विनियोजन नहुने उपाध्यक्ष स्याङ्तानको आरोप छ । निर्वाचित भएपछि ३ वटा त हिउँदे अधिवेशन (गाउँसभा) नै नभएको पनि उनले जानकारी दिइन् ।

जिल्लाभरका पालिकाका उपप्रमुख/उपाध्यक्षमध्ये थाहा नगर पालिकाका नगर उपप्रमुख खड्ग गोपाली जिल्लामै एक मात्र पुरूष हुन् । पालिकाले लक्षितवर्गलाई विशेष प्राथमिकता दिएको बताउँदै पालिकामा बजेट तथा कार्यान्वयनको लागि सामाजिक विकास समिति नै गठन गरिएको उनले जानकारी दिए । उपप्रमुख गोपालीले भने- 'सामाजिक विकास समितिबाट आउने योजनाहरूलाई वार्षिक योजनामा समावेश गरी कार्यानवयन गर्ने गरिएको छ, सामाजिक विकास समितिले पनि महिला, बालबालिका दलित तथा जनजाति र अपांगहरूको लक्षित समूहबाट माग भई आउने योजनाहरूलाई समावेश गर्ने गर को छ ।' कतिपय वडा पालिकाबाट निर्णय भई आउने योजनाहरूलाई नगर योजना तर्जुमा समितिमा छलफल गरी आवश्यकता पहिचान गर्नका लागि सामाजिक विकास समितिमा पठाउने गरिएको गोपालीले जानकारी दिए । लक्षितवर्ग बजेटमा खास गरेर आयआर्जन, संस्कृति र परम्परा संरक्षण हुने खालका योजनाहरूलाई समावेश गर्ने गरिएको उनले बताए । सरकारको नीतिमै प्रतिशत तोकेर बजेट विनियोजन गर्ने बाध्यकारी व्यवस्था नभएकोले आवश्यकता र मागका आधारमा मात्र कार्यक्रम संचालन गर्ने गरिएको छ । उनी भन्छन्-'सीमति स्रोतले लक्षितवर्गको सबै माग पूरा गर्न सकिन्छ र ?' जनजाति समुदायको ५० प्रतिशत बढी रहेको र कुल जनसंख्याको आधाभन्दा बढी हिस्सा ओगटेको महिलाहरूको सशक्तीकरणका लागि पालिकाले मसिनो ढंगले बजेट विनियोजनमा ध्यान दिने गरेको थाहाका नगर प्रमुख लवशेर विष्टले

बाँकी पेज ६ मा


## व्यक्तिगत घटना दर्ता सम्बन्धी जरुरी सूचना !

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

**थाहा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणीचौर, मकवानपुर



## नेपाल सरकारको सूचना !

**बालबालिकालाई मायाँ गरौं**

**बालबालिकाका कुरा सुनौं ।**

नेपाल सरकार
सूचना तथा सञ्चार प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# • सम्पादकीय •

## कृषि उत्पादन र बजार

नेपालमा करिब ७० प्रतिशत जनसंख्या कृषि पेशामा निर्भर छ । यसमध्ये ७५ प्रतिशतले जीवन निर्वाहकै लागि कृषि पेशालाई अँगालेको विभिन्न समयमा गरिएका सर्वेक्षणले देखाएको छ। त्यसभित्र पेशालाई व्यावसायिक बनाउनेको संख्या २५ प्रतिशत मात्रै छ। नेपाल कृषिप्रधान मुलुक भनेर चर्चा गरिरहँदा यो तथ्यांकले कृषिको व्यावसायिकतामा कमजोर भएको देखाउँछ। कृषिमा निर्भर भए पनि जीवन निर्वाहको मुख्य पेशा बनाउन नयाँ पुस्ताको ध्यान अझै मोडिएको छैन। केही युवा व्यावसायिक बन्न खोजे पनि बिस्तारै यो पेशाबाट पलायन भएको उदाहरण धेरै भेटिन्छ। कृषि उत्पादन राम्रै भए पनि बजार अभाव र ढुवानी समस्या पेशा परिवर्तनको मुख्य कारण बन्ने गरेको छ। बजारमा कृषकले उत्पादन गरेका सबै वस्तु पाइन्छ। नेपाली उत्पादनले मात्रै नपुगेर छिमेकी मुलुक भारत, चीनसहित तेस्रो देशबाट पनि कृषिजन्य वस्तु ल्याएर बिक्री भइरहेका छन् । तर, नेपालकै कृषकले उत्पादन गरेका वस्तुले बजार नपाएको समाचार पनि धेरै आउँछन्। झट्ट सुन्दा यो विषय अनौठो पनि छ। मूल्य नपाउँदा गाउँका कृषकले दूध सडकमा पोखेको, गोलभेडा बाटोमा फालेको र उत्पादन खेतबारीमै कुहिएको/सुकेको हामीसँग प्रशस्त उदाहरण छन्। तर, तिनै कृषकले मूल्य नपाएर फालेका वस्तुको मूल्य सहर बजारमा छोइसक्नु छैन। कृषकको उत्पादन बढ्दा बजारमा भाउ घट्नुपर्ने हो तर त्यो हुँदैन।

नेपाली कृषकले मूल्य नपाएर फालेका र पोखेका कृषि उत्पादन बाहिरी देशबाट ल्याएको उपभोक्ताले खरिद गरिरहेका छन्। यसको मुख्य कारण भनेकै ढुवानी समस्या र बजारमा मध्यस्तकर्ता (विचौलिया) को मनोमानी हो। ढुवानी र बजार समस्या भोगिरहेका नेपाली कृषकलाई अघिल्लो वर्षबाट कोरोना महामारीसँगै सुरु भएको लकडाउन र निषेधाज्ञाले पनि असर पुऱ्यायो। राम्रो मूल्य पाउने आशामा रोपेका नगदेबालीले अहिले बजार पाएको छैन। बजार लगेर बेच्नु पनि कृषकका लागि चुनौती छ भने यातायातका साधन नचल्दा आफैं बजार डुलाउने अवस्था त झनै व्यावसायिक कृषकलाई छँदै छैन। चितवन गुञ्जनगरका कृषक प्रतिनिधि पात्र हुन्। मनग्य आम्दानी हुने सपना बोकेर फूल खेती गर्ने ती कृषकको डेढ बिघा जमिनमा लगाएको फूल बजार नपाएर ओइल्याउन थालेको छ। गत वर्ष पनि लकडाउनले बिक्री गर्न नपाएका उनको समस्या यो वर्ष पनि दोहोरियो। लाखौंको क्षति उनले बेहोरेका छन्। सैयौं कृषक अहिले बजार अभावमा चिन्तित छन्। कोरोना महामारीले हरेक कुरामा आत्मनिर्भर हुनुपर्छ भन्ने पाठ नेपालीलाई सिकाएको छ।

कोरोनाको असरका कारण कृषि बाहेकका धेरै क्षेत्र संकटमा पनि परेका छन्। ती क्षेत्रबाट लाखौंले रोजगार गुमाउँदै बेरोजगार हुँदा कृषि पेशा दिगो पेशा हो र यसमा लाग्नुपर्छ भनेर जुर्मुराउनेको संख्या पनि कम छैन। अन्य पेशा र वैदेशिक रोजगार त्यागेर कृषिमा लाग्ने युवाको संख्या पनि थपिने क्रममा छ। स्थानीय तहले पनि कृषिलाई प्राथमिकतामा राखेर योजना निर्माण गरिरहेका छन्। बजार क्षेत्र बिस्तार हुँदा कृषिजन्य वस्तुको माग पनि घटेको छैन। तर, कृषक र उपभोक्ता जोड्ने माध्यममा समस्या छ। बजार र ढुवानीमा कृषक आफैंले पहुँच राख्न सक्दैनन्। यो समय कृषक नाफा नराखी बेच्न बाध्य हुन्छन् भने उपभोक्ता महंगोमा किन्न, यो नै मुख्य समस्या हो। अब कृषकको उत्पादन बजारसम्म पुऱ्याउने पुलको भूमिका तिनै तहले निभाउनु पर्छ। उत्पादनलाई बजार पुऱ्याउन फरक संयन्त्र खडा गर्नुपर्छ जसले हाल मनोमानी गर्ने मध्यस्तकर्ताको सञ्जाल तोड्न सकोस्। अनि मात्रै कृषि पेशा दिगो र व्यावसायिक बन्न सक्छ। नत्र ल्याएका योजना र कृषिमा खन्याएको बजेट 'बालुवामा पानी'सरह बन्ने छ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |


# छोराछोरी विदेशमा छन् ?

बबिता बस्नेत




केही दिनअघि एक परिचितले भने- 'हेर्नुस् न, हाम्रो समाज त के भइसकेछ, अध्ययन सकेर आफ्ना सन्तान घर फर्किंदा पनि किन फर्किएको होला भनेर शंकाको आँखाले हेर्ने, फर्कनैपर्ने त्यस्तो के पर्‍यो ? भनेर प्रश्न गर्ने ! विदेश गएपछि उतै बस्नुपर्छ भन्ने सोच राख्नेहरूलाई के भन्ने हो ? समाज पनि के भन्नु र, मेरो आफ्नै छोरी अमेरिकामा पढाइ सकेर फर्किएको उसकी आमालाई नै मन परेको छैन !' अध्ययनका लागि विदेश गएका सन्तान उतै 'सेटल' हुँदाको दुःख यसपटकको कोरोना महामारीमा धेरै देखियो, भोगियो । मृत्यु हुनेमध्ये कतिपय आफन्तका सन्तान कोही अष्ट्रेलिया र कोही अमेरिकामा थिए । अस्पतालमा बाबुको मृत्यु भएपछि विदेशमा रहेका तीन सन्तानकी एक्ली आमालाई परेको विपद्को प्रत्यक्षदर्शी हुनु पर्दा कम्तिमा एक सन्तान साथमा भइदिएको भए हुन्थ्यो जस्तो लाग्यो । सन्तान बाहिर भएका पति-पत्नी दुवैको निधन भएपछि घरमा ताल्चा खोल्ने मान्छे नभएका घटना पनि छन् । दराजको साँचो मेरो छोरालाई दिनु है भनेर आफन्तलाई साँचो बुझाएपछि प्राण त्याग्ने आमाका सन्तान काजक्रिया गर्न गत साता विदेशबाट काठमाडौं आए । सन्तान विदेश जानु या विदेशमा रहनुलाई गर्व गर्दागर्दै परिस्थिति हामीले सोचेभन्दा निकै फरक भइसकेछ । सन्तानका लागि भनी दुःख गरेर बनाएको घर र जोडेको जग्गा रेखदेख गर्ने मान्छे नभेटिने अवस्थामा पुगेछ ।

अभिभावकविहीन रित्तो घर कसको जिम्मा लगाउने ? आफू नफर्किऔँ उतै आफ्नो संसार बनिसक्यो, फर्किऔँ बाबुआमाले आफ्ना लागि जोहो गरेर बनाएको घर खाली-खाली भएको छ । एउटा निश्चित उद्देश्यका लागि विदेश गएकाहरू आफ्नै देश फर्कंदा 'विदेशमा बस्न नसकेर फर्किएको' अर्थ लगाउनेहरूका लागि यसपटकको महामारीले ठूलो सन्देश दिएको छ । एकातिर छोराछोरीको भविष्यका लागि भनेर साँच्दासाँच्दै अन्तिम अवस्थामा सन्तानको मुख हेर्नै नपाइ संसार छोड्नेहरूको यस्तो अवस्था छ भने अर्कोतिर विदेश पुगेका छोराछोरी उतै बसुन् भन्ने चाहना राख्ने बाबुआमाको सत्या पनि त्यत्तिकै छ । 'बल्ल बल्ल गएका छौ, कहाँ फर्कने ? विदेश जान मानिसहरू कति पैसा खर्च गर्छन्, तिमी त भाग्यले त्याहाँ पुगेको या पुगेकी छौ, किन फर्कने ? यहाँ आएर के गर्छौ ? डलर कमाउने ठाउँमा छौ मजाले काम गर न, मैले बुझेकै छैन तिमीलाई के चाहिएको हो, तिम्रो पढाइमा यति पैसा खर्च भएको छ कहाँ त्यसै फर्कने ? देशको अवस्था खत्तम छ उतै बस ।' सन्तानले अब म फर्कन्छु भन्दा कतिपय आमाबाबुले यस्तै भन्ने गरेका छन् । अहिले नै फर्किने ? छिमेकीले के भन्लान् ? आफन्तले के भन्लान् ? मेरा साथीका छोराछोरी त मजाले उतै 'सेटल' भए तिमीचाहिँ किन फर्कनु पर्‍यो ? भन्ने मात्र होइन 'बरू हामी यहाँबाट पैसा पठाउँछौँ उतै बस' भन्ने अभिभावक पनि छन् । दुई महिनाअघि एक साथीले भनेका थिए- 'छोरो आउन लागेको कुरा खुशी भएर नजिकका एक आफन्तलाई सुनाएको त 'ल'किन आउन लागेको ?' पो भने । मैले पनि 'पढ्न गाथ्यो, पढाइ सकियो फर्किंदै छ, मैंले छोरालाई घरजम गर्न अमेरिका कहाँ पठाएको हो र ? भनिदिएँ !' साथीले भन्दा हामी खुब हाँसेका थियौँ । एकछिन हाँसे पनि उनको भनाइभित्र लुकेको हाम्रो समाजको मनोविज्ञान चिन्ताजनक थियो । सन्तान विदेशमा छन् भनी गर्व गर्ने कतिपय बाबुआमालाई उनीहरू कति अप्ठ्यारो अवस्थाबाट गुज्रिरहेका होलान् भन्ने बारेमा खासै चिन्ता हुँदैन । कामकै लागि विदेश जानेहरू आफूले केसम्म गर्नुपर्ने हुन सक्छ भनी मानसिक रूपले तयार भएका हुन्छन्, र पनि उनीहरूलाई गाह्रै हुन्छ ।

> "सन्तान विदेश जानु या विदेशमा रहनुलाई गर्व गर्दागर्दै परिस्थिति हामीले सोचेभन्दा निकै फरक भइसकेछ । सन्तानका लागि भनी दुःख गरेर बनाएको घर र जोडेको जग्गा रेखदेख गर्ने मान्छे नभेटिने अवस्थामा पुगेछ ।"

अध्ययन गर्न गएका युवाहरू घरमा खासै दुःख गरेका हुँदैनन् । अहिलेका धेरैजसो युवाहरू कलेजको अध्ययन सक्दासम्म एक छाक पकाएर खान सक्दैनन्, चाँहदैनन् । हुर्काइमा गलत भयो यो प्रविधिले ब्यस्त बनायो अहिलेका अधिकांश बच्चाहरू ब्यवहारिक छैनन् । सकिनसकी अनेक दुःख गरेर अविभावकले पुर्‍याइदिएका छन्, कोशिस गरेका छन् । प्लस टु सकेर जब उनीहरू कलेजका लागि विदेश जान्छन् धेरै कुरामा उनीहरूको परिस्थिति पौडिन नजानीकन समुन्द्रमा हामफाले जस्तो हुन्छ । स्कलरसीपमा कलेज या युनिभर्सिटीमै बसेर अध्ययन गर्नेहरूले ब्यवहारिक कठिनाइसँग सामना गर्नु नपरे पनि कलेजबाहिर बसेर आफ्नै खर्चमा पढ्ने विद्यार्थीहरूमध्ये अधिकांशले नसोचेका परिस्थितिहरू झेल्नुपर्ने हुन्छ । कलेजमै बसेर पढ्नेहरूका लागि पनि 'एकेडमिक प्रेसर' कम हुँदैन । कहिल्यै काम नगरेका युवाले एक्कासी अर्काको मातहतमा रहेर, उनीहरूको तजबिजका भाषा सुन्दै गर्नुपर्ने काम, पढाइको तनाव, आफै कमाउ, आफै पकाउलगायत जिन्दगीमा भइपरि आउने थप आकस्मिक दुःखहरूका बीच जीवन बडो संघर्षपूर्ण बनिदिन्छ । हरेक मानिसको शारीरिक र मानसिक अवस्था फरक हुन्छ । सबैले परिस्थिति सम्हाल्न सक्छन् भन्ने हुँदैन । आफूलाई धान्न नसकेर कति युवाहरू डिप्रेशनको सिकार भएका छन् ।

अध्ययनका लागि युरोप, अमेरिका, अष्ट्रेलिया, जापान या यस्तै अन्य मुलुक गएका आफ्ना सन्तान के गरेर बसिरहेका छन् ? कस्तो अवस्थामा छन् ? कुन मानसिक परिस्थितिबाट गुज्रिरहेका छन् भनेर हामी खासै वास्ता गर्दैनौँ । एयरपोर्ट काटेपछि सब ठिक हुन्छ, विदेशमा जे गरे पनि पैसा आउँछ, काम गर्‍यो कि पैसा आउने ठाउँमा केको दुःख ? अहिले ठुलो मानिस भनेर चिनिएकाहरू दुःख गरेरै त पढेका हुन् नि, कसैले घाँस काट्थे, कोही डिपार्टमेन्टल स्टोरमा काम गर्थे भन्ने मानसिकता बोकेका हामीमध्ये धेरैले उनीहरूको हुर्काइ र कामप्रतिको मूल्य-मान्यता फरक थियो या छ भन्ने बुझिरहेका हुँदैनौँ । ती सब गर्ने कोशिस गर्दागर्दै आफ्ना सन्तानहरू नाजुक मानसिक अवस्थाबाट पो गुज्रिरहेका छन् कि ? भनेर हामी कहिल्यै सोध्दैनौँ, सोच्दैनौँ । उनीहरूलाई चाडबाड मिस हुन्छ, आफ्नोपन मिस हुन्छ, अबेलासम्म सुत्न नपाउँदाको निन्द्रा मिस हुन्छ । 'तिमीले के खायौ ? गाह्रो-अप्ठ्यारो के छ' भनेर नसोधी कति पैसा कमाउँदैछौ ? तिमीलाई पठाउँदा यति पैसा खर्च भएको थियो भनिदिँदा उनीहरूमा बढ्ने निराशाको हामी अन्दाज गर्न सक्दैनौँ । अभिभावकले झुक्किएर पनि तिमीलाई पढाउँदा यति खर्च भयो, यस्तो भो, उस्तो भो, यति ऋण छ, उसका छोराछोरीले त यति पैसा पठाए जस्ता कुरा नगर्नु राम्रो हुन्छ । यस्ता कुराले उनीहरूमा थप तनाव पैदा गर्छ । भन्दै नभनी कसरी बुझ्छन् त भन्ने सवाल पनि पैदा होला, बुझ्नेले समय आएपछि जसरी पनि बुझ्छन् ।

एकातिर विदेश गएकाहरू अनेक परिस्थितिबाट गुज्रिरहेका छन् भने अर्कोतिर विदेश जाने कुरालाई लिएर आफ्नो साथमा भएका सन्तानलाई अभिभावकले दिने दबाब र सन्तानले अभिभावकलाई दिने तनाव उस्तै छन् । उ त गयो, खै तिम्रो त भएन, उसको भन्दा तिम्रो पढाई राम्रो थियो होइन ? खै त कलेज पाएको ? उसका बाबुआमाले त पठाए खै मलाई पठाएको ? म त जसरी भए पनि विदेशकै कलेजमा पढ्ने हो, कन्सल्टेन्सीलाई दिने पैसा चाहियो', यस्ता संवाद घर-घर की कहानी झैँ भएका छन् । परिस्थिति सहज भएका र विदेश बस्न चाहनेहरूले उतै बसेर उद्यम गर्नु राम्रो कुरा हो तर सबैलाई विदेश बस्ने रूचि हुन्छ भन्ने हुँदैन ।

यो पङ्तिकारसँगको कुराकानीमा कतिपय अविभावकले सन्तानले बाहिरबाट डलर भित्र्याउँदा आफूलाई मात्र नभई देशलाई नै फाइदा हुने पनि बताए । सन्तान नफर्कियोस् भन्ने चाहना राख्नेमध्ये धेरैको डरचाहिँ यहाँ आएपछि के गर्छन् ? भन्ने देखियो । यो देशमा गरिबी बढेको हाम्रा सन्तानले बाहिरबाट डलर नपठाएर होइन देशमा भ्रष्ट्राचार नरोकिएर हो । विभिन्न क्षेत्रमा वर्षेनी छुट्याउने गरिएको बजेट जस्ताको तस्तै उपयोग हुने हो भने मुलुकले अहिले धेरै फड्को मारिसकेको हुने थियो । हामी आफूले आफैलाई धान्ने ब्यवस्थित मुलुकको सूचीमा परिसक्ने थियौँ ।

जहाँसम्म कामको कुरा छ, रोजगारी सिर्जना गर्ने माहौल राज्यले बनायो भने यहाँ गर्नुपर्ने र गर्न सकिने धेरै कुराहरू छन् । सिप र सर्टिफिकेट दुवैको उपयोग हुने अवस्था सिर्जना गर्न सकिन्छ । तर त्यसका लागि राज्यले अहिले जस्तो जे गर्न खोज्यो त्यसैमा तगारो हाल्ने होइन सहजीकरण गरिदिने नीति लिनुपर्छ । -इमेल प्राप्त

# टक्सिन निकाल्न गुर्जो कति उपयोगी ?



अस्वस्थ जीवनशैलीले मिर्गौला रोग लाग्ने भएकाले स्वस्थ जीवनचर्या बिताउनुपर्नेमा जोड दिइएको छ । वाग्मती सफाइ महाअभियान र हामी साथ छौँ अभियानले बिहीबार बेलुकी जुम प्रविधिबाट आयोजना गरेको प्रवचन कार्यक्रममा राष्ट्रिय मृगौला रोग केन्द्रका प्रमुख प्रा डा ऋषिकुमार का ले ९० प्रतिशत मानिस मिर्गौला बिग्रिएपछि मात्र अस्पताल पुग्ने गरेको बताए।

केन्द्रमा हाल दैनिक २५० मिर्गौला रोगीको डाइलासिस हुने गरेको छ । यसैगरी ५० जनाको मिर्गौला परीक्षण हुन्छ । अमेरिकाको 'स्ट्याण्डर्ड' खानाले धेरै मानिस बिरामी हुने गरेको प्रसङ्ग उल्लेख गर्दै उनले खानामा साग सब्जीसहितको स्वस्थ चीजबीज उपभोग गर्नुपर्ने बताए । नेपालमा हाल तीन लाख मानिस मिर्गौला बिगारेर हिँड्ने गरको र तीन हजारको मिर्गौला फेल भएको केन्द्रले जनाएको छ । मिर्गौला रोगबाट बच्न शरीरमा पानीको व्यवस्थापन, उच्च रक्तचाप र मधुमेहलाई नियन्त्रण गर्नुपर्नेमा डा. का ले जोड दिए । "मिर्गौला बिग्रिरहेका बेला कुनै लक्षण हुँदैन, अन्तिममा मात्र थाहा हुन्छ, मर्गौलामा समस्या भएपछि मुटु स्ट्रोकका कारण मानिस मर्छन्, दैनिक दुईदेखि तीन लिटर पिसाब आउने गरी पानी पिउनुस्, दिनमा १० हजार पाइला हिँड्नुस्, रातमा सात, आठ घण्टा सुत्नुस्, चुरोट, खैनी, जाँड, रक्सीले मिर्गौला बिगार्ने भएकाले यस्ता चीजबाट टाढा रहनुस्, मोटोपना, रक्तचाप भए घटाउने, मधुमेह ठीक राख्ने गरेमा मिर्गौला रोगबाट बच्न सकिन्छ", उनले भने । स्वस्थ खाने, समयमा खाने, पेन किलर नखाने गर्नाले पनि मिर्गौला रोगबाट बच्न सकिन्छ । पिसाबबाट प्रोटिन गएको छ भने मिर्गौलामा समस्या छ भन्ने प्रमाणित हुने भएकाले सजग हुन आह्वान गरिएको छ । मिर्गौला बचाऔँ अभियानलाई रू एक दान गर्न डा का ले आह्वान गरे । हाल काठमाडौँ महानगरपालिकाका ३२ वटै वडामा मिर्गौला जाँच हुने गरेको छ । पन्द्र हजारको जाँच गर्दा ७०० लाई मिर्गौला रोग भेटिएको केन्द्रको अभिलेख छ ।

**शरीरको टक्सिन निकाल्न गुर्जो उपयोगी**

कार्यक्रममा निःशुल्क गुर्जोका बिरूवा र धुलो एवं चिया वितरण गर्दै आउनुभएका अभियानकर्मी कमलबहादुर राजलवटले गुर्जोको नियमित सेवनले रोग प्रतिरोधी क्षमता बढाउने बताए । गुर्जोले शरीरका टक्सिनलाई बाहिर निकाल्छ । गुर्जोको चिया र धुलो सेवन गर्नाले पाइल्स, आँखा, छालाको समस्या समाधान हुने गरेको छ । गुर्जो वात, पित्त, कफ त्रिदोष नाशक छ । प्राचीन कालदेखि नै औषधिका रूपमा उपयोग गरिँदै आएको गुर्जोले पाचनतन्त्र बलियो बनाउँछ । गुर्जोले बच्चा र वृद्धलाई जवान बनाउने एवं जवानलाई पहलमान बनाउने अभियानकर्मी राजलवट बताउँछन् ।

पाँच वर्षमुनिका बालबालिका र गर्भवती महिलाले भने गुर्जोका परिकार सेवन गर्नुहुँदैन । गुर्जोको बिरूवा रोपेको एक वर्षपछि परिपक्व बन्छ । एक वर्षमा गुर्जोको बिरूवामा सबै गुण आउँछ । विसं २०७६ चैतमा कोरोनाबाट बच्न बन्दाबन्दी गरिएदेखि यसबाट बनेको औषधि र बिरूवा निःशुल्क वितरण गर्दै आएका अभियानकर्मी राजलवटले त्यो अभियानलाई यस वर्ष पनि निरन्तरता दिएका छन् । गत वर्ष एक लाख ४० हजार गुर्जोका बिरूवा रोपणका लागि निःशुल्क वितरण गरिएको उनले बताए । कार्यक्रममा पूर्व मुख्यसचिव एवं प्रमुख अभियानकर्मी लीलामणि पौडेलले सफाइ महाअभियान आठौँ वर्ष पूरा गरी नवौँ वर्ष प्रवेश गर`को अवसरमा सात हप्ताअघिदेखि हामी साथ छौँ अभियानसँग मिलेर कोरोनाबाट बच्न आवश्यक जानकारी दिन प्रवचन कार्यक्रम आयोजना गरिएको बताए ।

विसं २०७० जेठ ५ गतेदेखि शुरू भएको सफाइ महाअभियानले ५० औँ हप्ताका अवसरमा २०७१ वैशाख १ गते गुह्येश्वरीभन्दामाथिको वाग्मतीमा ढल मुक्त गरेर गुह्येश्वरीमा स्नान गरेकामा हाल पुनः प्रदूषित बनेको छ । नेपालमा अङ्ग दान गर्ने परम्परा विकास हुन नसकेको उल्लेख गर्दै पूर्व मुख्यसचिव पौडेलले आफूले देशमै पहिलोपटक छाला दान गरेको बताए । आगोबाट जलेकाका लागि छाला आवश्यक पर्ने गर्छ । आफू मुख्यसचिव भएकै बेला 'ब्रेन डेथ क्राइटेरिया'को कानूनी व्यवस्था गरेको उहाँले सुनाउनुभयो । ब्रेन डेथ भएकाको छाला, मिर्गौला र कलेजो दान गर्न सकिने व्यवस्था छ ।

विकसित मुलुकमा ७५ प्रतिशत अङ्ग दानबाट पाइने गरेको छ । नेपालमा पनि अङ्गदान सबैभन्दा ठूलो दान हो भन्ने मान्यतालाई स्थापित गर्न अभियान चलाइनुपर्नेमा जोड दिइएको छ । अभियानकर्मी डा माला खरेलले महाअभियान र हामी साथमा छौँ अभियानको आयोजनामा साप्ताहिकरूपमा भइरहेको प्रवचनले धेरैलाई स्वस्थ जीवनयापनको सूत्र दिने भएकाले यसलाई निरन्तरता दिने बताए । अभियानकर्मी राजकुमार भट्टराईले वाग्मतीबाट हालसम्म २० हजार टन फोहर व्यवस्थापन गरिएको बताउनुभयो । सफाइ महाअभियानमा १२ लाख स्वयंसेवीले सफाइमा साथ दिएका छन् ।

महाअभियानबाट प्रभावित भएर उपत्यकामा वाग्मती, सहायक नदी, चक्रपथ, सम्पदा स्थलसहित २० स्थान र उपत्यका बाहिरका मुख्य नदी, शहर र सांस्कृतिक सम्पदामा सफाइ भइरहेको छ ।

# शिष्टाचार जीवन मन्त्रः सन्तुष्ट हुनुहुन्छ भने खुसी हुनुहुन्छ र यही जीवन हो



हाम्रो इच्छा आकांक्षा अनन्त छन् । त्यस्ता विभिन्न कुराहरू छन् जसलाई हामी पाउन चाहन्छौं । र मान्नुहोस् कि यदि कुनै पूरा भइहालेछ भने पनि त्योभन्दा थप राम्रो पाउने चाहना राख्छौं ।

आफ्ना सपना र इच्छा पक्कै पनि पूरा गर्नुहोस् तर यसका कारण जीवनलाई निराशातर्फ नलैजानुहोस् । जीवनमा सुख त्यतिबेला मात्रै पाइन्छ जब तपाईं सन्तुष्ट हुनुहुनेछ । यो सबै दृष्टिकोण र सोचको कुरा हो । आ नो दृष्टिकोणलाई नियाल्नुहोस्, त्यसपछि आफसे आफ जीवनसँग सन्तुष्ट र खुसी रहन सिक्नुहुनेछ ।

**तुलना गर्नुहोस् तर सहीः**

हामीसँग सबैकुरा छ । तर यदि कसैसँग हामीभन्दा राम्रो छ भने हामी त्यो पनि पाउने चाहना राख्छौं । हाम्रा वरिपरि यस्ता थुप्रै मानिसहरू छन् जसमध्ये कोहीसँग धेरैकुरा छ त कसैसँग त्योभन्दा कम । जीवनयापनका लागि केही कुराहरू आवश्यक पर्छ, त्यसमा कुनै शंका छैन, त्यसको चाहना राख्नु ठिक पनि हो । तर कुनै साथी वा छिमेकीसँग राम्रो कुरा देखेर आफूसँग किन छैन भनेर तुलना गर्न छोड्नुहोस् । यसको साटो आफ्नो पुरानो जीवनसँग आजको तुलना गर्नुहोस् । तपाईंले सुरूवात गर्दा तपाईंको जीवन कस्तो थियो र आज कति सफल छ भनेर सोच्नुहोस् । सही तरिकाले तुलना गर्नुहुन्छ भने तपाईंलाई असाध्यै धेरै खुसी लाग्नेछ । तुलनाभन्दा बढी त प्रेरणा लिनुहोस् । जुन सुविधाको चाहना छ, त्यो पाउनका लागि मिहिनेत गर्ने प्रेरणा ।

इन्टरनेट केलाउन कम गर्नुहोस्ः

सधैं नयाँ नयाँ वस्तु आइरहन्छन्, यीमध्ये तपाईं कतिसम्म खरिद गर्नुहुन्छ ? सोसल मिडिया र इन्टरनेटमा तलमाथि स्क्रोल गर्ने बेला नयाँ जमानाका थुप्रै वस्तु र ग्याजेट्सको भिडियो देखेपछि लाग्छ कि यी पनि किन्नुपर्छ । ती सामान तपाईंसँग भएको ग्याजेटभन्दा पनि महँगो हुनसक्लान् । यस्तोमा सोसल मिडिया र इन्टरनेटमा यसबारे खोजी गर्न र बारम्बार हेर्न बन्द गर्नुहोस् । यस्ता वस्तुलाई जति हेर्नुहुन्छ, किन्ने चाहना त्यति नै बढ्छ । खरिद गर्न नसक्दा निराशा हुनुहुनेछ ।

**समझदारीले काम गर्नुहोसः**

कसैले तपाईंबारे के सोच्छ, यस्ता कुरालाई वास्तै नगर्नुहोस् । थुप्रै पटक साथी वा सँगै काम गर्ने साथीहरूले कुनै न कुनै वस्तुको कमीको महसुस गराएका होलान् । उनीहरूले भनेको भरमा नभई आ नो आवश्यकता अनुसार काम गर्नुहोस् । यदि तपाईंलाई कुनै वस्तुको आवश्यकता छ भने त्यो किन्न कुनै शंका नपाल्नुहोस् तर यदि तपाईं देखावटीका लागि केही किन्दै हुनुहुन्छ भने यसले आफूलाई सन्तुष्ट पारेको ठान्नुहोला । तर यसले न त कहिले सन्तुष्ट हुन सक्नुहुन्छ न नै कहिले खुसी ।

**आभारी रहनुहोसः**

सधैं दिनको अन्त्यमा खसी भएर यो सोच्नुहोस् कि तपाईंसँग जे छ, त्योसँग तपाईं खुसी हुनुहुन्छ । यो खुसीलाई सधैं व्यक्त गर्नुहोस् । बिस्तारै यसो गर्न बानी पर्नेछ र तपाईं त्यस्तै महसुस गर्न थाल्नुहुनेछ जुन तपाईंले बोलिरहनुभएको छ ।

**के चाहनुहुन्छ थाहा छैन !**

कतिपटक घर, चाहिएका हरेक सामान, राम्रो जागिर हुँदा पनि खुसीको कमी महसुस हुन्छ । के चाहिएको हो, बुझ्नै सकिँदैन । जब सही दिशा पाइँदैन तब असन्तुष्ट हुनु स्वभाविक छ । यस्तोमा एक दिन पूरा आफूसँगै बिताउनुहोस् र यो विचार गर्नुहोस् कि तपाईंसँग सबैकुरा हुँदा पनि यसबाट तपाईं किन सन्तुष्ट हुनुहुन्नँ ? यदि तपाईं जीवनमा केही अर्कै गर्न चाहनुहुन्थ्यो तर जागिरका कारण यसो गर्न पाउनुभएको छैन भने यो पनि एउटा कारण हुनसक्छ । आ नो इच्छालाई सुरूमा आ नो शौख बनाउनुहोस्, त्यसका लागि थोरै थोरै समय निकाल्नुहोस् । यी स-साना खुसीका पल नै एक दिन पूरा सिलसिला बन्नेछ, विश्वास गर्नुहोस् ।

**आफूलाई कम आँक्न छोड्नुहोसः**

हरेक व्यक्तिमा भिन्न भिन्न खुबी हुन्छ । कसैले राम्रो लेख्न सक्छन्, कोही कुरा गर्न सिपालु हुन्छन् । यदि कोही परिचित कोही कलामा कुशल छन् भने ती व्यक्तिमाथि डाहा गर्नुको साटो आफूलाई राम्रो बनाउनुहोस् । तपाईंमा पनि कुनै न कुनै कौशल त पक्कै हुन्छ, सायद तपाईं योसँग परिचित नभएको पनि हुनसक्छ । आफूलाई प्रेम गर्न र महत्व दिन सिक्नुहोस् । कसैको कला देखेर 'मलाई त केही पनि आउँदैन' भनेर नसोच्नुहोस् । यसको साटो आफ्नो कलालाई निखार्ने कोसिस गर्नुहोस् । यदि तपाईं राम्रो लेखक वा गायक हुनुहुन्नँ भने सायद ज्ञानमा उनीहरूभन्दा राम्रो हुनुहोला । आफ्नो गुणलाई निखार्नुहोस् र यसलाई खुसीको माध्यम बनाउनुहोस् ।

# मानव स्वास्थ्यका लागि दूध राम्रो कि दही ?



दूध र दही सजिलै जहाँ पनि पाइने खानेकुरा हुन् । यी दुवैको सेवन स्वास्थ्यका लागि राम्रो हुन्छ । तर दूधभन्दा दही खानु स्वास्थ्यका लागि लाभदायक छ । दूधलाई अमिलो बनाएर दही जमाइने हो । यसमा भएका ब्याक्टेरियाका कारण यसलाई छिट्टो पचाउन सजिलो हुन्छ । यसमा दूधभन्दा बढी प्रोटीन, ल्याक्टोज, क्याल्सियम र अन्य धेरै भिटामिनहरु पाइन्छन् ।

दहीमा भिटामिन ए र बी-१२ हुन्छ अनि क्याल्सियम पनि धेरै हुन्छ । हाड र दाँत बलियो बनाउन यसले मद्दत गर्छ । अस्टियोपोरोसिस जस्ता रोगसँग लड्न यसले मद्दत गर्छ ।

दूध छिट्टो पच्दैन र कब्जियत तथा ग्यास पैदा गर्छ । तर दही तुरन्तै पच्छ । खाना खाएपछि दही लिँदा पाचनप्रणालीलाई आराम पुग्छ ।

एक दिनमा २५० मिलि दही खानु सही हुन्छ । दिउँसो भोजनको समयमा दही पिउनुभयो भने तपाईंलाई फाइदा हुन्छ । तर यसको मात्रा तपाईंले खाने अन्य कुराको हदले निर्धारण गर्ने हो । राति कहिल्यैपनि दही खानु हुँदैन ।

मासु खानुभएको छ त बिर्सेर पनि दूध वा दही नखानुहोला । अनि बासी दही कदापि नखानुस् । मधुमेह भएकाहरूले दही नखाएकै राम्रो । रूघाखोकी, टन्सिल, दम र सास फेर्न समस्या भएकाहरूले दही खानै हुँदैन ।

## थाहा नगरका जनप्रतिनिधिको सम्पर्क नम्बर

| | | |
|---|---|---|
| थाहा प्रमुख | लवशेर विष्ट | ९८५५०६७६९२ |
| थाहा उपप्रमुख | खड्ग बहादुर गोपाली | ९८५५०६७०४५ |
| १ नं. वडाध्यक्ष | हेरमान गोपाली | ९८५५०८९३०१ |
| २ नं. वडाध्यक्ष | गुप्तबहादुर कार्की | ९८५५०८९३०२ |
| ३ नं. वडाध्यक्ष | राजेश के.सी. | ९८५५०८९३०३ |
| ४ नं. वडाध्यक्ष | दिपक सिं लामा | ९८५५०८९३०४ |
| ५ नं. वडाध्यक्ष | विष्णुबहादुर गुरुङ | ९८५५०८९३०५ |
| ६ नं. वडाध्यक्ष | शशीधर सुवेदी | ९८५५०८९३०६ |
| ७ नं. वडाध्यक्ष | सनमसिं मुक्तान | ९८५५०८९३०७ |
| ८ नं. वडाध्यक्ष | टिकाराम रुम्बा | ९८५५०८९३०८ |
| ९ नं. वडाध्यक्ष | परशुराम श्रेष्ठ | ९८५५०८९३०९ |
| १० नं. वडाध्यक्ष | हिराबहादुर गमाल | ९८५५०८९३१० |
| ११ नं. वडाध्यक्ष | किरणमान बल | ९८५५०८९३११ |
| १२ नं. वडाध्यक्ष | मानबहादुर स्याङ्तान | ९८५५०८९३१२ |

उपभोग्य सामाग्री खरिद
गर्दा उपभोग मिति अनिवार्य हेरौं ।

# भोटेलहराको बासस्थान संरक्षणको लागि जुट्दै वनस्पति 'अनुसन्धान केन्द्र

◆ विकास संवाददाता

दुर्लभ वनस्पति भोटेलहरा फेला पार्न सफल भएको वनस्पति अनुसन्धान केन्द्र हेटौंडा अहिले संरक्षण तर्फ जुट्दै छ। कार्यालयका वरिष्ठ वैज्ञानिक अधिकृत एवं कार्यालय प्रमुख रघुराम पराजुली यसको बासस्थानमा संरक्षणमा लागि परिरहेको बताँउछन्। पराजुली भन्छन् लामो खोज, अनुसन्धान तथा सर्वेक्षण गर्दा पनि भोटे लहरा फेला पर्न सकिर हेको थिएन, अन्ततोगत्व म आफै फेला पार्न सफल भएँ। फेला पार्ने जो कोहिलाई पनि व्यक्तिगत तवरमा म आफैले पुर स्कृत गर्छ भनेर भोटे लहराको खोजिमा उत्प्रेरणा थपिरहेको थिएँ, जे होस् भोटे लहरा फेला पार्ने अठोट पूरा भयो भनेर खुशी व्यक्त गर्छन्।

उनले अब यसको बासस्थान संरक्षण कार्य चुनौतिपूर्ण रहेको बताउँछन्। मकवानपुरको बकैया गाउँपालिकाको कान्ती लोकपथ खण्डको वडा नं ११ रहेछ मैले फेला पारेको भोटे लहराको अवस्थिति पराजुली बताउँछन्। यसको यकिन गर्नको लागि पराजुली नेतृत्वमा वनस्पति सहायक युगल अर्याल, वनस्पति सहायक सागिर हुसेन लगायतको टोलीले वकैया गा पा ११ का वडाध्यक्ष गोपाल बहादुर नेसुर, वडा सचिव इश्वर भुजेल, वकैया गा पा सदस्य रूपेन घले लगायतका स्थानीय व्यक्तिहरूसँग भोटेलहराको महत्व र यसको बासस्थान संरक्षण के कसरी गर्ने भन्ने विषयमा छलफल गरेको छ।

वडाध्यक्ष लगायका स्थानीय व्यक्तिहरू भोटे लहरा जस्ता दुर्लभ वनस्पति आफ्नो क्षेत्रमा पाइनु धेरै ठूलो खुशीको विषय भएको र यो वनस्पतिको बासस्थान संरक्षणको लागि एक आपसमा समन्वय र सहकार्य गरी अगाडि बढ्ने निर्णय भएको छ। यसको बासस्थान संरक्षण गर्नमा स्थानीय तह, सम्बन्धित सामुदायीक वन र वनस्पति अनुसन्धान केन्द्र सबै निकायहरू मिलेर अगाडि बढ्ने र स्थानीय सर्वसाधारणहरूमा यसको जानकारी गराइ चरिचरण तथा घाँसपातबाट पर्न सक्ने जोखिम न्यूनीकरण गर्न पहल गर्ने विषयमा पनि छलफल भएको छ। निकट भविष्यमा नै भोटेलहरा भएको क्षेत्रलाई संरक्षण गर्नको लागि तारबार गर्ने र यसको जानकारीमूलक बोर्ड राख्ने कुरा भएको छ। यसबाट एकातिर यो दुर्लभ वनस्पतिको बासस्थान संरक्षण हुनेछ भने अर्कोतर्फ वानस्पति पर्यटन गन्तव्यको रूपमा उक्त क्षेत्र विकास हुने प्रवल सम्भावना रहेको कार्यालय प्रमुख पराजुली बताउँछन्।

स्थलगत भ्रमणको क्रममा त्यस क्षेत्रमा जम्मा तीन वटा भोटे लहराका वनस्पति फेला पारेको पराजुलीले बताए। यसको थप अनुसन्धान हुन बाँकी रहेको छ। वनस्पति अनुसन्धान केन्द्र मकवानपुरले यसको प्रजनन विधिको अध्ययन कार्यलाई समेत एक साथ अगाडि बढाउनेछ।




# मुख्यमन्त्री पौडेलद्वारा बाढी प्रभावित क्षेत्रको अवलोकन



◆ विकास संवाददाता

बागमती प्रदेशका मुख्यमन्त्री डोरमणी पोडेलले चितवनको बाढी प्रभावित क्षेत्रको २ असारमा अवलोकन गरेका छन। उनले नारायणी नदीले कटान गरेको पश्चिम चितवनका विभिन्न क्षेत्रको अवलोकन गरेका हुन।

मुख्यमन्त्री पौडेलले नारायणी नदीले कटान गरेको गोलाघाट, न्युरे चोक, सिस्वार, गाँजीपुरलगायतका नदी तटीय क्षेत्रको अवलोकन गर्नुका साथै स्थानीयका समस्या बुझेका थिए। भरतपुर महानगरपालिकाको वडा नं। २६ र २७ का विभिन्न स्थानमा नारायणी नदीले कटान गरेको छ भने चैते धान लगायतका अन्नबालीमा क्षति पुऱ्याएको छ। स्थानीयले वर्षेनी नारायणी नदीले दुःख दिएको भन्दै दीर्घकालिन समाधानका लागि आग्रह गरेका थिए। मुख्यमन्त्री पौडेलले तत्कालिन र दीर्घकालिन रूपमा नदी नियन्त्रणको काम हुने विश्वास स्थानीयलाई दिलाए। उनले भने 'वर्षा शुरू भईसकेकाले तत्कालका लागि यसलाई नियन्त्रण गर्ने कामका लागि प्रदेश सरकारले सक्दो सहयोग गर्छ।' उनले दीर्घकालिन रूपमा नारायणी नदीलाई व्यवस्थित गरी सदाका लागि यो समस्या अन्त्य गर्न प्रदेश सरकार लागिपर्ने बताए।

उनले स्थानीय, प्रदेश र संघीय सरकारको समन्वयमा दीर्घकालिन रूपमा नदी नियन्त्रणको काम गर्नुपर्नेमा जोड दिए। मुख्यमन्त्री पौडेलले मानव वस्तीमा बाढी पस्नबाट रोक्न तत्कालका लागि गर्न सकिने कामका लागि प्रदेश सरकार ले यथोचित बजेट उपलब्ध गराउने बताए। यो वर्ष पुनः बाढी आउन सक्ने भन्दै मुख्यमन्त्री पौडेलले सबैलाई सचेत रहन आग्रह समेत गरे।

स्थानीयले नदी किनारबाट जथाभावी नदीजन्य पदार्थ उत्खनन् हुँदा वर्षेनी नदी मानव वस्तीतर्फ आईरहेको तर्फ ध्यानाकर्षण गराएका थिए। अवलोकनमा राष्ट्रिय सरोकार तथा समन्वय समितिका सभापति पार्वती रावल, बागमती प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री दावा दोर्जे लामा, मुख्यमन्त्रीका राजनीतिक सल्लाहकार जेएन थपिया, प्रदेश सांसद विजय सुवेदी र कृष्ण भूर्तेल, जिल्ला समन्वय समिति चितवनका प्रमुख कृष्णकुमार डल्लाकोटी, चितनका प्रमुख जिल्ला प्रेमलाल लामिछाने, कृषि ज्ञान केन्द्र चितवनका प्रमुख राजन ढकाल, सम्बन्धित वडाका अध्यक्षलगायतको उपस्थिति रहेको थियो।

# ९६ किलो गाँजा सहित ५ पक्राउ

◆ विकास संवाददाता

जिल्ला प्रहरी कार्यालय मकवानपुरले हेटौंडा-१० बाट ९६ किलो गाँजाको कन्टेनरसहित ५ जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा गाडीका चालक मकवानपुर मनहरी-६ का २५ बर्षीय सन्तोष आले मगर, सह-चालक २१ बर्षीय मोसा घलान, कन्टेनरमा सवार रहेका कैलाश-८ भार्ताका २४ बर्षीय उमेश लामा रहेका छन्। मंगलबार पक्राउ परेका उनीहरूको सूचना आधारमा बुधबार चितवन राप्ती-२ का ३१ बर्षीय बिष्णु लामा र मकवानपुर को कैलाश-८ का २९ बर्षीय रोशन मुक्तानलाई पनि पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक जयश्वर रिमालले जानकारी दिए। प्रहरीले मनहरी तर्फबाट हेटौडा तर्फ आईरहेको ना २ ख ५५७९ नम्बरको कन्टेनरमा लागुऔषध गाँजा ल्याईरहेको छ भन्ने सूचनाको आधारमा हेटौडा-११ थानाभन्ज्याङमा गाडिलाई रोक्न खोज्दा नरोकी फरार भएपछि पिछा गर्दै हेटौंडा-१० भुटनदेवी मोडमा नियन्त्रणमा लिएको थियो।

कन्टेनर चेकजाँच गर्दा केविनभित्र चालक बस्ने सिट पछाडी फल्स बटम बनाई १२ वटा पोकामा ९६ किलो ४ सय ग्राम गाँजा बरामद भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

# ६५ करोडको बजेट ल्याउँदै बकैया

◆ विकास संवाददाता

मकवानपुरको सबैभन्दा ठुलो स्थानीय तहको रूपमा रहेको बकैया गाउँपालिकाले आउँदो आर्थिक वर्ष २०७८/०७९ को बजेट निर्माण कार्य थालिन गरेको छ। यो पटक गाउँपालिकाले ६५ करोड बराबरको बजेट ल्याउने तयारी गरेको छ।

गाउँपालिकाले गत आर्थिक वर्षमा ७१ करोडको बजेट ल्याएको थियो भने यो आर्थिक वर्षमा ६५ करोडको बजेट ल्याउने तयारी गरेको गाउँपालिकाले जनाएको छ। गत आर्थिक वर्षमा ९ करोड नगद मौज्दात रहेकोमा ७१ करोड बजेट आएकोमा यो पटक नगद मौज्दात नरहेको कारणले ६५ करोडको बजेट ल्याउन लागिएको गाउँपालिकाले जनाएको छ।

यो पटकको नीति तथा कार्यक्रममले बकैयामा सबैभन्दा ठुलो समस्याको रूपमा रहेको सुकुम्बासी तथा भूमिहिन समस्या समधानको लागि नापचाँजलाई ध्यान दिएको बकैया गाउँपालिकाकी उपाध्यक्ष सरला बोलखेले खबरब्रेकलाई बताईन्। नेपाल सरकारले भूमि आयोग गठन गरेर काम सुरू गरि सकेको अवस्थामा ठुलो समस्याको रूपमा रहेको भूमि समस्यालाई समाधानको लागि बकैया गाउँपालिका अग्रसर भएको र यो पटको आर्थिक वर्षको सबैभन्दा महत्वपूर्ण काम भनेको भूमिहिन जनताको समस्या समधान रहेको उनको भनाई छ।

यस बाहेक ३ करोडको बंन्दह खोला पुल (शिखरपुर) पक्की पुल सहित ६ वटा झोलुंगे पुल,, गाउँपालिकाको स्थायी



कार्यलय भवन, प्राथमिक स्वास्थ्य केन्द्र छतिवनमा अत्याधुनिक अस्पताल निर्माण, सडक, खानेपानी, नदि तटबन्धन, बालमैत्री कार्यक्रम, कृषि तथा पशुपालन क्षेत्र बजेटको उच्च प्राथमिकतामा रहेको उपाध्यक्ष सरला बोलखेले बताईन्। आउँदो असार १० गते बजेट ल्याउने तयारी गरेको गाउँपालिका अहिले बजेट निर्माणमा खटिरहेको बकैया गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत लक्ष्मण पुडासैनीले बताए। यो वर्ष बकैया गाउँपालिकाले आम्दानी गरेको कुल रकमहरू प्रत्येक वडालाई ५० लाख रूपैंयाको दरले वितरण गर्नुको साथै भुगोलको हिसाबले ठुला वडाहरूको रूपमा रहेको वडा नंबर ६ र ७ को लागि ६५ लाख रूपैंयाको दर ले वितरण हुने प्रमुख प्रशासकिय अधिकृत पुडासैनीको भनाई छ।

गाउँपालिकाले युवालाई व्यवसायमा प्रोत्सहान गर्न एक वर्षसम्म विना ब्याज १ लाख रूपैंया ऋण प्रदान गर्ने गरेको छ। गत वर्ष ६ जना युवालाई सहभागिता गरेको कार्यक्रम यो वर्ष १२ जनालाई सहभागिता गर्नेगरि कार्यक्रम तय गरिएको पुडासैनीको भनाई छ। बकैया गाउँपालिकाले यो पटक प्राप्त गर्ने संघ तथा प्रदेश सरकारको अनुदान सहयोग प्राप्त गरिसकेको छ।



जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# “जनताको जीवनस्तरमा आएको परिवर्तनले सन्तुष्ट छु”-नगरप्रमुख विष्ट



◆ विकास संवाददाता

थाहा नगरपालिकाले नगर पालिका भित्र जनताको आवश्यक्ता र माग अनुसार काम भएको बताएको छ। जिल्ला समन्वय समिति (जिसस) मकवानपुरद्धारा ४ असारमा गरिएको अनुगमनका क्रममा थाहा नगरपालिकाका मेयर लवशेर विष्टले आवश्यक्ता र मागका अनुसार जनताको जिवन स्तरमा कृषि तथा पशुपालनले ल्याएको परिवर्तनबाट अधिक सन्तुष्टि मिलेको बताए।

जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख रघुनाथ खुलालको नेतृत्वमा गएको अनुगमन टोलीलाई मेयर विष्टले भौतिक पूर्वाधार, सामाजिक/आर्थिक विकासका थुप्रै कामहरू भएको र त्यसबाट जनताले प्रत्यक्ष लाभ लिन पाएकोमा सन्तुष्ट र हेको बताए। चार वर्षमा जनतासंग प्रत्यक्ष जोडिने कामहरू थुप्रै भएको र त्यसबाट जनता सन्तुष्ट रहेको र त्यसमै आफु पनि सन्तुष्ट रहेको उनको भनाई थियो। नगरपालिकाको सानो लगानीमा कृषि क्षेत्रमा लागेका किशानहरूले राम्रो लाभ लिन सकेको र आम्दानी बृद्धि गर्न सकेकोमा अधिक सन्तुष्टि मिलेको उनले बताए। उहाँले जनताको माग अनुसार अफै पनि सडक पूर्वाधारका केहि गर्नुपर्ने काम आर्थिक अभावका कारण पुरा गर्न नसकेकोमा भने खल्लो महसुस गरेको बताए।

अनुगमन टोलीले प्रदेश सरकारको ५ करोड ७५ लाखको लागतमा निर्माणाधीन थाहा पार्क, कोसेलीघर, बागमती प्रदेश सरकार र सहकारीको ११ करोड ४७ लाख लागनीमा निर्माणधीन कोल्ड स्टोर, प्रदेश सरकारकै लगानीमा निर्माणधीन रिटेनीङवाल, तटबन्धन, सडक पूर्वाधार जनकल्याण मावि, कभर्डहलगायतको अनुगमन गर्नुका साथै टोलीले नगरपालिकामा कोरोनाको अवस्थाका बारेमा समेत जानकारी लिएको थियो। सो क्रममा नगरपालिकामा दोस्रो भेरियन्टको कोरोना भाईरसमा हालसम्म १ हजार ६०९ जनाको परिक्षण भएकोमा ७३८ जनामा पोजेटिभ देखिएको र हाल नगरपालिकामा ५९५ जना सकृय संक्रमित रहेको जानकारी दिईएको थियो। हालसम्म १३६ जना मात्र निको भएको र नगर पालिकामा ७ जनाको मृत्यु भएको बताईएको छ। सकृय संक्रमितहरु मध्ये ५६० जना होम आइसोलेसनमा र १२ जना संस्थागत आइसोलेसनमा रहेका छन्, भने २३ जनालाई अन्यत्र रिफर गरिएको छ।

अनुगमनका क्रममा जिसस प्रमुख खुलालले आगामी आर्थिक वर्षको निति कार्यक्रम तथा बजेट निर्माण गर्दा कोरोना भाइरसको संक्रमणलाई ध्यानमा राखेर बजेट निर्माण गर्न सुझाव दिए। उनले अधुरा योजना सम्पन्न गर्ने, कोभिड प्रकोप न्युनिकरण, युवा तथा रोजगार लक्षित एवम् सरूवारोग अस्पताल निर्माण र जिल्ला स्तरीय कार्यक्रमलाई ध्यानमा राख्दै बजेट विनियोजना गर्न सुझाव दिए। सो क्रममा प्रमुख खुलालगायतले नेकपा एमाले मकवानपुर जिल्ला कमिटी सदस्य एवम् थाहा नगर इन्चार्ज राजु नापितको निधन प्रति परिवारजनसंग भेटेर श्रद्धाञ्जली व्यक्त गरेका थिए। यस्तै नेकपा एमाले थाहा नगर कमिटीका अध्यक्ष अच्युत्तमप्रसाद ढकाललाई मातृशोक परेकोप्रति घरमै पुगेर श्रद्धाञ्जली व्यक्त गरेका थिए। अनुगमन टोलीमा जिसस उपप्रमुख भगवती पुडासैनी, समन्वय अधिकारी आनन्दराज पोखरेल, शाखा अधिकृत भीमलाल महर्जन, नायब सुब्बा उपेन्द्रनाथ पोखरेल, लेखापाल अर्जुन दाहाल, खरिदार विश्वास राना, गरिबसंग विशेश्वर कार्यक्रमकी जिल्ला सहजकर्ता सुनिता घिमिरेलगायतको सहभागिता थियो।

# इन्द्रसरोवर:-धमाधम धान रोपाइँ



◆ विकास संवाददाता

छुपुमा छुपु हिलोमा धान रोपेर छोडौला, बनाई कुलो लगाई पानी आएर गोडौंला भन्ने असारको मर्म बोकेके नेपाली गित सँगै अहिले असार (रोपाइँ) सुरु भएको। मानो छरेर मुरी फलाउने किसानहरू यो महामारीको समेत पर्वाह नगरी धान रोप्न ब्यस्त देखिन्छन्।

उत्तरी मकवानपुरको इन्द्ररोवर गाउँपालिकामा धमाधम धान रोपाइँ भैर हेको छ। कोरोना भाइरसको उच्च जोखिम र निरन्तरको वर्षाका बिच पनि किसानलाई धान रोप्नको चटारो भएको छ। गाउँपालिकाको ५ वटा वडा मध्ये वडा नं. २ कुलेखानी र ३ को सिस्नेरीमा अधिकांश किसानले धान रोप्ने गरेका छन् भने अन्य वडाहरूमा न्युन मात्रामा धान खेती हुने गरेको गाउँपालिकाका कृषि प्रमुख कुमार पौडेलको भनाई छ। गाउँपालिकाको तथ्याङ्क अनुसार गाउँपालिकाको क्षेत्रभित्र करिब १८ हेक्टर जमिनमा धान खेती हुँदै भएको छ।

हरेक वर्ष धान रोपाइँ सकिन नपाउँदै खेतमा भलबाढी पस्ने समस्याले नदी किनारामा खेत भएका किसानहरू चिन्तित हुने गरेको एक किसानले बताए। वर्षाको समयमा अत्याधिक पानी पर्ने र बाढी पहिरोका कारण गाउँपालिकाको खानीखेत, तोड्के, सिस्नेरी लगायतका गाउँपालिकाकै समथर भुभागमा रहेका खेतमा भलबाढी पस्ने समस्या किसानले हरेक वर्ष भोग्दै आएका छन्। किसानले धान खेती पछि विभिन्न मौसमी तरकारी तथा अन्नबाली लगाउछन्।

तरकारी खेतीका लागि गाउँपालिकाबाट विभिन्न उन्नत जातका बिउबिजन, आधुनिक मेसिन तथा कृषि सामाग्रीहरू अनुदानमा प्राप्त गरेका छन्। तर धान खेतीका लागि भने उन्नत जातको विउबिजन लगाउत कुनै पनि कार्यक्रम नभएको गाउँपालिकाको कृषि शाखाले जनाएको छ।

# अक्सिजन मेसिन सहयोग

◆ विकास संवाददाता

ग्रामीण जागरण तथा विकास सङ्गठन (राडो) नेपालले थाहा नगर पालिकालाई २ थान अक्सिजन कन्सन्ट्रेटर सहयोग उपलब्ध गराएको छ। प्लान इन्टरनेशनलबाट प्राप्त २ थान अक्सिजन कन्सन्ट्रेटर राडो नेपालको समन्वय र सहकार्यमा नगरपालिकालाई उपलब्ध गराएको संस्थाका अध्यक्ष डा. कृष्णप्रसाद घितालले जानकारी दिए। थाहामा कोभिड(१९ प्रतिकार्यको लागि सो सहयोग गरिएको उनले बताए।

सहयोग प्राप्त भएपछि थाहा नगरपालिकाले प्लान र राडोको प्रशंसा गर्दै धन्यवाद व्यक्त गरेको छ।

# थाहानगरको टिस्टुङका यि हुन् सोचनीय कुरा

◆ विकास संवाददाता

मकवानपुरको उत्तरी क्षेत्र थाहा नगरपालिका-६ स्थित टिष्टुङ पालुङ तरकारीका लागि प्रख्यात छ। तरकारीका लागि पकेट क्षेत्र मानिने यो लघु उपत्यका पर्यावरण र पर्यटकीय दृष्टिकोणले पनि उत्तिक्कै स्वच्छ र महत्वपूर्ण मानिन्छ। न टन्टलापुर घाम, न त मुसलधारे वर्षा, न अरूबेला जस्तो सवारीसाधनको जाम। नागढुँगाको ओरालो, सातघुम्तीको उकालोदेखि देउर ालीको ओरालो फर्दासम्म पनि उस्तै मौसम। जता हेर्‍यो त्यतै हरियाली जसले आँखा र मन मस्तिष्कलाई निकै आनन्द र शान्त दिलाउँदो रहेछ। बाइरोडको बाटोबाट देखिने गाउँबस्तीहरू र जताततै खनिएका नागबेली सडकहरू नै रमाइलो यात्राका खुराकहरू बने। सडकमा गाई, भैँसी, बाखा र फाटफुट्ट गुडेका सवारीसाधन मात्र। सडकमै बसेर आरू बेच्ने स्थानीय बालबालिका सँगको गफगाफ त झनै मीठो। 'एउटा मान्छेको मायाले पनि कति फरक पार्छ जिन्दगीमा' भने जस्तै देउराली डाँडामा बहने हावाले मात्रै पनि कति धेरै फरक पार्दो रहेछ यात्रामा। काठमाडौंबाट टिष्टुङ जाँदा त्यसठाउँमा पुगेपछि ताजगी अनुभव हुँदो रहेछ यो मौसममा। गन्तब्य टिष्टुङ जुन ठाउँलाई अहिले बज्रवाराही पनि भनिन्छ। जहाँ अहिले आलु खन्ने, बन्दा लगायतका तरकारी बेच्ने र धान रोप्ने चटारो चलिरहेको छ। अहिले त्यहाँका स्थानीय घरमा भन्दा बढी खेतबारीमा भेटिन्छन्। स्थानीयलाई स्वास्थ्य सामग्री वितरण गर्ने हाम्रो कार्यक्रम थियो। छोटो समयावधि र शुक्रवारदेखि शुरु भएको मनसुनका कारण धेरै ठाउँमा घुमेर र स्थानीयसँग कुराकानी गर्ने समय खासै मिलेन। तरपनि भेटे जत्तिकैका स्थानीयसँगको कुराकानी र देखिएका दृश्यले आम समुदायको पीडालाई महसुस गर्न सकिन्थ्यो।

**विकास निर्माणको चिन्ता तर युवापुस्ता छैन**

यहाँका स्थानीयको सबैभन्दा ठूलो गुनासो छ, 'जो नेता आएपनि कुन्छाल-कुलेखानी सडक कालोपत्रे भएन'। २०३२ मा बनेको यो बाटो अझै कालोपत्रे हुन सकेको छैन। हरेक निर्वाचनमा मूलमुद्धा बन्ने गरेको यो सडकको विषयमा यहाँका सांसद विरोध खतिवडालाई पनि राम्रैसँग थाहा छ। किनकी खतिवडाको चुनावी एजेण्डाको प्राथमिकतामा पनि यही सडक परेको थियो। केन्द्र र प्रदेश सरकारले पटकपटक बजेट विनियोजना गरेपनि सडक नबनेपछि स्थानीयको आक्रोश चुलिएको छ। भन्छन्,'भएको सडक पिच भएको छैन, फेरि सडक विस्तार गर्ने भनेर दायाँबायाँ १५ मिटर छोड्न लगाइएको छ।' यही सडकमा पर्ने गाउँ लिलाखेलबासी अहिले बोरिङको पानीमा निर्भर छ। गाइवस्तुलाई खुवाउन र तर कारीको विरूवामा हाल्न समेत बोरिङको पानी किन्नु परेको छ। किनकी यहाँको पानीको मुख्य स्रोत अहिले सुकेको छ। यहाँका स्थानीयले पुस्तौदेखि प्रयोग गर्दै आएको पानीको मुहान सुकेपछि अहिले हिउँदयाममा त पानीको हाहाकार नै हुने गरेको रहेछ। केही महिनाअघि बिजुली काटिएर बोरिङको पानी नआएपछि झण्डै दुई किलोमिटर टाढा पुगेर खानेपानी ल्याउनु परेको स्थानीयको गुनासो छ। अहिले सुकेको पानीको मुहानको आसपास नै अन्यत्र पानी रसाएको देखिन्छ। त्यसकारण पानीको मुहान सरेको स्थानीयको अनुमान छ। त्यहाँका वडाध्यक्ष शशिधर सुवेदीको आँकलन पनि त्यहि नै छ। मुहान खोजेर पानीको ब्यवस्थापन गर्नुपर्ने सुवेदीको भनाइ छ। मुहान त्यतिकै छाड्दा पानीको समस्या मात्रै होइन धाराले ओगटेको जमिन मिचिनेमा स्थानीयको चिन्ता छ। यसै विषयमा केही महिनाअघि स्थानीय र जग्गाधनीबीच झगडा पनि भएको रहेछ। गाउँटोलदेखि गोठबारीसम्म सडक सञ्जाल जोड्ने स्थानीयको चाहना छ। आधा घण्टाको छलफलमा एक दर्जन भन्दा बढी योजना उनीहरूले सुनाए। तर बिडम्वना कामका लागि नेतृत्व लिने ब्यक्तिको खाँचो छ। 'पढे लेखेका युवापुस्ता सबै शहर पसेका छन्, विकास भएन भनेर मात्रै भएन, अघि सर्ने युवा जमात पनि गाउँमा हुनुपर्‍यो' स्थानीय कृष्ण बलामीको गुनासो छ।

गत वर्ष गाउँकै युवाहरूको सक्रियतामा टोलटोलमा बाटो पुर्‍याइएको थियो। टोलटोलको गोरेटो बाटोलाई कम्तिमा अटो चलाउन मिल्ने बनाउने मन छ, तर के गर्नु कतिपयले कुरा बुझ्दैनन्, वडाध्यक्ष सुवेदीले आफ्नो रहर र पीडा एकसाथ पोखे।

**बज्रवाराही मन्दिरमा पाटी भरिए, शौचालयको समस्या**

टिष्टुङको सबैभन्दा ठूलो धार्मिक आस्थाको केन्द्र बज्रवाराही माइलाई अन्यत्र भएका बज्रवाराहीको आमा भन्ने जनश्रुती छ। मन्दिरमा पर्याप्त जग्गाजमिन छन्। तर ती जग्गाहरूमध्ये अहिले धेरैजसो जग्गा ब्यक्तिले आफ्नो नाममा गरिसकेका छन्।

# थाहा युथ इन्भेष्टमेन्टको 'अभियानमा नगर प्रमुख विष्टको सहयोग



◆ विकास संवाददाता

थाहा नगरपालिका-१० का युवाहरूको संस्था थाहा युथ इन्भेष्टमेन्ट को अभियानमा थाहा नगरप्रमुख लवशेर विष्टले साथ दिएका छन्। सडकका भोकाहरूको भोक मेटाउने अभियानमा लागेका समूहलाई ब्यक्तिगत रूपमै भेटेर थाहा नगरपालिकाका मेयर विष्टले सदैब आफ्नो साथ र सहयोग रहने बताए।

कोरोना भाइरस (कोभिड १९) को यस विषम परिस्थितिमा मानव सेवामा लागेका आफ्नो नगरका युवाहरूका कामको प्रसंसा गर्दै प्रमुख विष्टले अभियानलाई ब्यक्तिगत रूपमा १० हजार रूपैयाँ समेत सहयोग गरेको अभियानका सचिव जितेन्द्र मगरले जानकारी दिए। भोकमुक्त, नाङ्गोमुक्त, भेदभावमुक्त भन्ने नारालाई आत्मसात गरिरहेको इन्भेष्टमेन्टले यस महामारीको समयमा ३३ दिन देखि दैनिक करिब ४ सय जनालाई निःशुल्क खाना वितरण गर्दै आएका छन्।

इन्भेष्टमेन्ट ले ४३ दिनदेखि हालसम्म १ सय ५३ वटा अक्सिजन सहयोग गरिसकेको छ भने २७ घर परि वारलाई खाद्यान्न सहयोग गरेको मगरले जानकारी दिए।

# लक्षितवर्गमा लक्षहीन...............

लक्षित वर्ग विनियोजन र कार्यान्वयनका लागि विषयगत समितिहरू गठन भई कार्यान्वयनमा रहेको उनले जानकारी दिए। यसका लागि शाखा तथा फोकल पर्सनसहितको प्रशासनिक इकाइ रहेको विष्टको भनाइ छ ।

बागमती प्रदेशका मुख्यमन्त्री डोरमणी पौडेल आफू स्थानीय निकायमा हुँदादेखि नै सीमान्तकृत, पछाडि परेका तथा महिला बालबालिकाको क्षेत्रमा सँधैं वकालत गर्ने गरेको दाबी गर्छन् । पौडेलले लक्षित समूहको सशक्तीकरण तथा विकासका लागि आफू सँधै संवेदनशील रहने समेत बताउँछन् । उनी भन्छन् - 'अधिकार सम्पन्न स्थानीय सरकार छन्, योजना निर्माण गरेर लक्षित समुदायको विकासका लागि काम गर्नुपर्छ ।'

बागमती प्रदेश सरकारले आर्थिक वर्ष २०७८/०७९ बाट दीगो विकासका लक्ष्यलाई आन्तरिकीकरण गरी कार्यान्वयनमा ल्याउन 'वार्षिक योजना छनोट कार्यविधि, २०७८' कार्यान्वयनमा ल्याउने नीति तथा कार्यक्रममा उल्लेख गरेको छ । प्रदेशले बालबालिका लक्षित कार्यक्रम अन्तर्गत स्थानीय तहसँग सहकार्य गरेर 'बालविवाह मुक्त प्रदेश घोषणु गर्ने समेत नीति लिएको छ । जिल्लाको मकवानपुरगढी गाउँपालिकाले पालिकास्तरीय विषयगत समन्वय समिति गठन गरेको छ । अपाङ्ग, महिला, बालबालिका, ज्येष्ठनागरिक लगायत लक्षित समूहको पालिकास्तरमा समन्वय समिति गठन गरिएको अध्यक्ष बिदुर हुमागाईले जानकारी दिए ।' समन्वय समितिबाट योजनाको आधारमा बजेट विनियोजन गर्ने गरेका छौं-अध्यक्ष हुमागाईले भने । मकवानपुरगढीमा लक्षितवर्गका कार्यक्रम नागरिक तहसम्म पुऱ्याउनका लागि टोल विकास संस्था गठन गरिएको छ । त्यहाँ त्यस्ता संस्था ७६ वटा छन् । संस्थाहरूबाट नागरिकको विकास योजना संकलन गरी प्राथमिकताको आधारमा सम्बोधन गरिने असल अभ्यास रहेको उनले जानकारी दिए । पालिकालाई बालमैत्री बनाउनको लागि बालबालिकाको क्षेत्रमा लगानी योजनासहित काम भैरहेको पनि उनले बताए । जिल्लामा सबैभन्दा बढि चोपाङ जातीको बसोबास रहेको राक्सिराङ गाउँपालिकाले पनि लक्षितवर्गको उत्थानमा उल्लेख्य चासो दिएको छैन । योजना बनाइने भए पनि बजेटको अभाव हुने गरेको गाउँपालिका उपाध्यक्ष निर्मला हिमडुङले बताइन् । जनताको माग वडामार्फत धेरै आएपनि पुऱ्याउनै सकिँदैन, उनले भनिन् । पालिकाले लक्षितवर्गका लागि एउटै बास्केटमा बजेट राख्ने र मागका आधारमा पालिकाले कार्यक्रम संचालन गर्ने गरेको उनको भनाइ छ । 'म आफै महिला भएको कारण पनि बालबालिका र महिलाको सवालमा बजेट विनियोजन गर्न पहल गर्छ'- उपाध्यक्ष हिमडुङ्ले भनिन्, तर विडम्बना, बजेट पुग्दै पुग्दैन । जिल्लाकै दुर्गम पालिका भएकोले पनि पूर्वाधारमै बढि बजेट लगाउनु पर्ने छ । विकासको शुरूवात शुन्यबाटै गनैपर्ने बाध्यता भएको उनले सुनाइन् । पालिकाको सबै वडाका सडक टूयाक पुगेकाले आगामी आर्थिक वर्षबाट लक्षित कार्यक्रमलाई प्राथमिकता दिने उनको भनाइ छ । 'बाटो, खानेपानी र विद्युतमै पैसा सकिन्छ, लक्षितलाई भाग पुग्दै पुग्दैनु-उनले भनिन् । जिल्लाकै ठूलो स्थानीय तह हेटौंडा उपमहानगर पालिकाले लक्षितवर्ग कार्यक्रम संचालनका लागि भिन्दै कानून बनाएको छैन । उनीहरूका लागि संचालन हुने कार्यक्रम वार्षिक नीति तथा कार्यक्रममा आधारित भएर बजेटको व्यवस्था गर्ने गरिएको उपप्रमुख मीना कुमारी लामाले बताइन् । लक्षितवर्ग बजेटका लागि पहिले-पहिले जिल्ला संजालहरू मार्फत माग आउने र तिनकै आधारमा बजेट तथा कार्यक्रम निर्धारण गर्ने गरिएको भएपनि अहिले नगरस्तरीय संजालहरू निर्माण भएको उपाध्यक्ष लामाले जानकारी दिइन् । महिला र बालबालिका सम्बन्धी कार्यक्रमहरूलाई विशेष प्राथमिकतामा राखी लक्षित कार्यक्रम संचालन भएको, महिला तथा बालबालिका महाशाखा नै स्थापना भएको जानकारी पनि लामाले दिइन् । उनका अनुसार, प्रतिशत नै नतोकिएपनि वार्षिक बजेटको १० देखि १२ प्रतिशतसम्म लक्षित बजेट अन्तर्गत खर्च हुने गरेको छ ।

इन्द्रसरोवर गाउँपालिकाले भने महिलालाई कृषि र अन्य कार्यमा आयआर्जनसंग सम्बन्धीत भएर लक्षित बजेट विनियोजन र खर्च गर्ने गरेको छ । उपाध्यक्ष उमाकुमारी लामाका अनुसार पालिकाबाट अन्य लक्षितवर्ग जनजाति, दलित तथा अपांङ्ताको क्षेत्रमा समेत बजेट विनियोजन हुने गरेको छ । उनले भनिन् -'एकिन प्रतिशत विनियोजन छैन, मागका आधारमा हेरेर बजेट छुट्याउँछौं ।'मकवानपुर जिल्लाका अधिकांश पालिकाहरूले लक्षितवर्ग केन्द्रित एकीकृत कार्यविधि बनाएका छैनन् बरू, अधिकांश पालिकाहरूमा माग अनुसार विनियोजित बजेटबाट योजना आव्हान लक्षित कार्यक्रमहरू संचालन हुने गरेको छ । व्यवस्था परिवर्तन भए पनि व्यवहार परिवर्तन नभएकाले लक्षित वर्गको सशक्तीकरणका लागि पालिकाहरूले ध्यान नदिने गरेको अधिकारकर्मी सरू जोशी श्रेष्ठले बताइन् ।

**योजना तर्जुमा भेला कर्मकाण्डी मात्र**

मुलुकमा संघीयता कार्यान्वयनयता योजना तर्जुमाको तौर तरिका पनि फेरिएको छ । स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ खारेज भएपछि स्थानीय तहको योजना तर्जुमाको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले 'स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४' जारी गर्यो । स्थानीय तहहरूले यसमै आधारित भएर वार्षिक योजना तथा कार्यक्रम छनोट गर्ने गरेका छन् । दिग्दर्शनमा बजेट तथा कार्यक्रम तय गर्दा प्राथमिकता निर्धारणका बुँदाहरूलाई प्रष्ट पारिएको छ । यसरी प्राथमिकता निर्धारण गर्दा सबैभन्दा पहिले आर्थिक विकास तथा गरिवी निवारणलाई प्राथमिकता दिनूपर्ने उल्लेख छ । तर, साविक स्थानीय निकायमा विद्यमान ३५ प्रतिशत लक्षित बजेट सुनिश्चिताको विषय दिग्दर्शनले स्पष्ट व्यवस्था गरेको छैन । यद्यपि प्राथमिकताको आधारमा छैठौं र सातौं बुँदामा महिला, बालबालिका तथा पिछडिएको वर्गलाई लाभ हुने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने कार्यक्रम पनि छनोट गर्नुपर्ने उल्लेख छ । दिग्दर्शनमा वार्षिक विकास बजेट तर्जुमा गर्दा ध्यान दिनूपर्ने विषयहरू, वार्षिक योजना तर्जुमाका चरणहरू उल्लेख भएपनि ति चरणहरू प्रक्रियामा मात्र सीमित हुने गरेको स्थानीयहरू बताउँछन् । स्थानीय तहहरूले योजना छनोट गर्दा बस्ती तहबाटै महिला, बालबालिका, अल्पसंख्यक, दलित पछाडि पारिएका वर्गहरूको सहभागितामा योजना छनोट गर्नुपर्ने भए पनि त्यो काम कर्मकाण्डी मात्र हुने गरेको गुनासो छ । टोलस्तरमा योजना छनोट गर्दा दिग्दर्शन अनुसार, वडामा क्रियाशील क्लब, सामुदायिक संस्थाहरूको समेत सहभागिता गराउनु पर्छ । तर त्यस्तो कहिल्यै हुन नसकेको थाहा नगरपालिकामा क्रियाशील निष्पक्ष युवा क्लबका अध्यक्ष निराजन गोपालीले बताए । दिग्दर्शनलाई पूर्णतः कार्यान्वयन मात्र गरे पनि स्थानीय तहमा लक्षितवर्गको बजेट कार्यान्वयनमा केही भरथेग हुन सक्ने गोपालीको सुझाव छ । जिल्लाको इन्द्रसरोवर गाउँपालिकामा पनि बस्तीतहको योजना तर्जुमा कागज पुऱ्याउनका लागि मात्र गर्ने गरेको इन्द्रसरोवर युवा क्लबका अध्यक्ष मणीराज थापाले बताए । 'वडामा गठन भएका टोल विकास संस्थाहरूलाई प्रक्रियामा सहभागी गराइन्छ, सामुदायिक संस्थाहरूलाई त पत्तै हुन्नु -थापाले भने 'बरू गाविस हुँदा योजना तर्जुमामा सामुदायिक संस्थाहरूको सहभागिता हुन्थ्यो अहिले त थाहै हुन्न ।' सहभागितामुलक योजना तर्जुमा नभएपनि केही न केही बजेट लक्षितवर्गलाई छुट्याउने गरेको कैलाश गाउँपालिका वडा ३ नम्बरका सदस्य राममायाँ प्रजाले बताइन् । सीमित स्रोतका कारण देखाउँदै लक्षित बजेटमा सहभागिता नहुने गरेको राक्सिराङकी कार्यपालिका सदस्य सुकमायाँ विकले पनि बताइन् । 'लक्षित समुदायको माग छ, प्रतिनीधि म हो भन्ने पनि थाहा छ, तर बजेट पुग्दैन, यो सहभागिता संख्यात्मक मात्र हो उनले भनिन् । इन्द्रसरोवर गाउँपालिकामा पनि दलित महिला सदस्यहरूको योजनाको सुनुवाइ नै नहुने गरेको वडा नम्बर २ की सदस्य अनिता विश्वकर्माले बताइन् । पाँच वटा वडा रहेको इन्द्रसरोवरमा एक जना दलित महिला सदस्यको कार्यपालिकामा प्रतिनिधित्व छ । अनिता भन्छिन् -'वडा तहमा योजना छनोटमा प्रस्तावको सुनुवाई हुन्न, कार्यपालिकामा त झन प्रस्तावै पुग्नै पाउँदैन ।' कतिपय प्रस्ताव कार्यपालिका सदस्य मार्फत पनि लैजाने गरेको बताउँदै पालिकामा पनि खासै सुनुवाइ नहुने गरेको खबरले दुख लागेको उनले बताइन् । 'मैले पढे लेखेकोको छैन, त्यही भएर मेरो कुरालाई महत्व नदिएको हालान् भन्ठान्थेँ, पढे लेखेका सदस्यहरूको पनि उही अवस्था रहेछ'- उनले भनिन-'हामी त थपना न रहेछौं । स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ मा उल्लेख भए अनुसार वडाको टोल/बस्तीको योजना छनोट हुँदा नै क्रियाशील सामुदायिक संघसंस्थाहरू, टोल विकास संस्था, आमा समूह, बालक्लब, बाल संजाल, युवा क्लब नागरिक सचेतना केन्द्र, विभिन्न सरकारी कार्यालयबाट गठन भएका समूहहरूलाई समेत सहभागि गराउनुपर्ने छ । सबैको सहभागीताबाट तर्जुमा भई छनोट भएको योजनालाई योजनाको सूची बनाई टोल वस्ती संयोजक तोकिएको वडा सदस्यले वडामा पेश गर्नुपर्ने दिग्दर्शनमा व्यवस्था छ । समग्रमा, राष्ट्रिय योजना आयोगले तयार गरिदिएको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५, प्रदेश तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ र राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनलाइ धार मानी स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन गरेमा सामाजिक समावेशीकरणलाई समेट्न सकिने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका शाखा अधिकृत देवराज भण्डारी बताउँछन् । सन् २०३० सम्म हासिल गर्नुपर्ने दिगो विकास लक्ष्यहरूलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न सोही अनुरूप योजना तर्जुमा र कार्यान्वयन जरूरी रहेको उनको भनाइ छ ।

**पालिकाको लक्षित नीति नै छैन**

पालिकामा महिला, बालबालिका, दलित जनजाती तथा अपांगता लगायत पछाडि पारिएका वर्गको लागि बजेट व्यवस्था गर्ने र तिनको सशक्तीकरण गर्ने सम्बन्धी नीतिकै अभाव छ । मकवानपुरका १० स्थानीय तहमध्ये अधिकांशले लैङ्गिक समानता तथा समावेशीकरण नीति बनाएका छैनन् । हेटौंडा उपमहानगरपालिकाले भने लैङ्गिकमैत्री समुदायमा आधारित घटना दर्ता सम्बन्धी मार्गदर्शन बनाएको छ तर , लैङ्गिक समानता र समावेशीकरणमा खासै सहयोग पुऱ्याउने खालको छैन । पालिकाहरूले केही मात्रामा बजेट लैङ्गिक समानता र समावेशीमा विनियोजन गरेको भए पनि खासै प्रभावकारी नहुने दिगो विकास, संघियता, अनुगमन तथा मूल्याङ्कन विषयविज्ञ योगेन्द्रराज रिजाल बताउँछन् । उनी भन्छन् -'स्थानीय तह आफैमा सरकार भएकाले संघीय सरकारले त्यस्ता नीतिहरू स्थानीय तहहरूले नै बनाउन् भन्ने ब्याख्या हो तर यसतर्फ स्थानीय तहले ध्यान दिएनन् ।

अहिले संघीय कानूनमा लक्षितबर्गका लागि बाध्यकारी नभएको देखेपछि अधिकांश बजेट पूर्वाधार विकासमा केन्द्रित देखिन्छ । मुलुकका ७ सय ५३ स्थानीय तहहरू मध्ये आधा भन्दा बढि स्थानीय तहहरूले लैङ्गिक समानता तथा समावेशीकरण नीति बनाएका छैनन् । कतिपयले बनाएको भएपनि लैङ्गक उत्तरदायी बजेट परीक्षण गर्ने नै नगरेको विज्ञ रिजालले बताए । उनले भने -'जबसम्म नीति निर्माण गरी बजेट विनियोजन, कार्यान्वयन र परीक्षण हुँदैन तबसम्म त्यसको प्रभावकारीता जाँच्न सकिदैन, त्यसैले यो सबै काम स्थानीय तहले अनिवार्य गर्नुपर्छ ।' नीति बनाएका र कार्यक्रम संचालन गरिरहेका स्थानीय तहहरूले परीक्षण भने लैङ्गिक उत्तरदायी बजेट स्थानीयकरण रणनीतिको सूचकमा आधारित भएर पनि गर्न सकिने रिजालको भनाइ छ ।लक्षित बजेट समेतको विनियोजन, कार्यान्वयन र परीक्षणका लागि अहिले संघीय सरकारले स्थानीय तहको काम र उपलब्धीहरूको लेखाजोखा गर्न स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधी, २०७७ लागू गरेको छ । यसमा पनि लैङ्गिक समानता र सामाजिक समावेशीकरण नीतिको सूचक समावेश गरिएको छ । विडम्बना स्थानीय तहहरूले नीति नै नबनाइ काम गरिरहेको रिजालले बताए । गाउँपालिका र नगरपालिकाहरूको विकास तथा सुशासनमा रहेको कमी कमजोरीहरूको जानकारी लिन यो कार्यविधी लागू गरिएको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जनाएको छ । कार्यविधि अनुसार हरेक स्थानीय तहले १० वटा क्षेत्रमा तय भएका सय वटा सूचकको परिधी भित्र बसेर स्थानीय तहले आफनो मूल्यांकन गर्नुपर्छ ।

**कार्यविधि खारेजः लक्षितवर्ग झन पछि**

स्थानीय निकाय रहेको बेला बजेट विनियोजन गर्दा स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ मा आधारित भएर वार्षिक कार्यक्रम तर्जुमा गर्नु पर्ने बाध्यकारी व्यवस्था थियो । कार्यविधिले लक्षितवर्गलाई अनिवार्य व्यवस्था गरेको थियो । अन्यथा, न्यूनतम शर्त तथा कार्यसम्पादन मापन मूल्याङ्कन (एमसीपीएम) मा स्थानीय निकाय उनुत्तीर्ण हुने र वार्षिक बजेटसमेत घट्नेसम्मको व्यवस्था थियो । स्थानीय निकायको खारेजी र स्थानीय तहको कार्यन्वयन पश्चात् लक्षितवर्गको सशक्तीकरणका कार्यक्रमलाई बाध्यकारी व्यवस्था गरिएको छैन ।

एमसीपीएम पनि स्थानीय तहका लागि कार्यान्वयन नहुने भएपछि झन लक्षितवर्गका लागि छुट्याइने बजेटको प्राथमिकता पछि पर्दै गएको छ । स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) अनुसार महिला, बालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने कार्यक्रम छनोट गर्नुपर्नु भन्ने व्यवस्था मात्र छ । तर, यसअघिको कार्यविधि बमोजिम त सबै जातजातिका विपन्न वर्गका महिलाहरूको सशक्तिकरण, रोजगारीमूलक र आयमूलक कार्यमा प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रम वा आयोजनाका लागि न्यूनतम दश प्रतिशत बजेट विनियोजन गर्नै पर्थ्यो । सबै जातजातिका विपन्न वर्गका बालबालिकाहरूलाई प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रम वा आयोजनाका लागि न्यूनतम दश प्रतिशत, सबै जातजातिका आर्थिक रूपमा विपन्न तथा आर्थिक एवम् सामाजिक रूपमा पछाडि परेका र पारिएका वर्ग (ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, मधेसी, मुश्लिम तथा पिछडावर्ग लगायत) एवम् क्षेत्र तथा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी लक्षित समूह भनी तोकिएका वर्ग एवम् समुदायले प्रत्यक्ष फाइदा पाउने कार्यक्रम वा आयोजनाका लागि न्यूनतम पन्ध्र प्रतिशत बजेट विनियोजन गर्नुपर्ने बाध्यकारी व्यवस्था थियो । विनियोजित बजेटको लैङ्गिक उत्तरदायी बजेटको सूचकमा आधारित मापन समेत गर्ने व्यवस्था रहेको थियो । विनियोजित लक्षितवर्ग बजेटबाट पूर्वाधार, सशक्तीकरणका कार्यक्रम तथा लक्षित समुदायको लागि विविध गतिविधिहरू संचालन गर्न स्पष्ट रूपमा बजेटको व्यवस्था गरिएको थियो । अहिले स्थानीय सरकार संचालन ऐन, २०७४ तथा स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ ले लक्षितवर्ग बजेट तथा कार्यक्रमलाई एकिन गर्न नसक्दा अधिकांश बजेट पूर्वाधार विकासमा मात्र खर्च भएको छ । स्थानीय तहहरू लैङ्गिक समानता तथा समावेशीकरण नीति निर्माण र कार्यान्वयनमा मौन छन् ।

**स्थानीय तहलाई मन्त्रालयको परिपत्र**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विभिन्न समुदायलाई विकासको मूल प्रवाहमा ल्याउन प्रत्यक्ष रूपमा योगदान पुग्ने कार्यक्रम तर्जुमा गर्नका लागि स्थानीय तहहरूलाई परिपत्र गरेको छ । आगामि आर्थिक वर्षको योजना तर्जुमाको तालिका अनुसार बजेट तथा कार्यक्रम तयार गरिरहेका स्थानीय तहहरूलाई मन्त्रालयले निश्चित प्रतिशत बजेट विनियोजन गर्न परिपत्र गरेको हो ।

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी